आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश सरकार
बागमती प्रदेश

# जेष्ठ पत्रकार अनुभव अभिलेखीकरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८

*मन्त्रालयबाट स्वीकृत मितिः २०७८।०९।२०*

प्रस्तावनाः पत्रकारिता क्षेत्रको इतिहासलाई सम्मान गर्न, नयाँ पत्रकारहरुलाई पत्रकारिताको विरासत चिनाउन, पत्रकारितामा संलग्नहरुलाई थप उर्जा र प्रोत्साहन प्रदान गर्न, पत्रकारिताको मर्यादा र विश्वसनियता बढाउन सञ्चार रजिष्ट्रारको कार्यालयको आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा समावेश रहेको जेष्ठ पत्रकार अनुभव अभिलेखीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विनियोज ऐन, २०७८ को दफा १० को उपदफा (२) को अधिकार प्रयोग गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम, प्रारम्भः (१) यस कार्यविधिको नाम "जेष्ठ पत्रकार अनुभव अभिलेखीकरण कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ " रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले सञ्चार रजिष्ट्रारको कार्यालय सम्झनु पर्नेछ ।

(ख) "कार्यक्रम" भन्नाले जेष्ठ पत्रकार अनुभव अभिलेखीकरण कार्यक्रम सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई सम्झनु पर्नेछ ।

(ङ) "जेष्ठ पत्रकार" भन्नाले दफा ४ को समितिले यस कार्यक्रमको लागि दफा ५ को आधारमा छनौट भएका जेष्ठ पत्रकारलाई सम्झनु पर्नेछ ।

(च) "अनुभव अभिलेखीकरण" भन्नाले कार्यालयले जेष्ठ पत्रकारहरुसँगको वार्ता तथा संवादबाट तयार पारिएको प्रकाशन वा प्रशारण योग्य लेखजन्य तथा अडियो भिडियोजन्य सामग्री सम्झनु पर्नेछ ।

(छ) "समिति" भन्नाले दफा ४ बमोजिमको समितिलाई सम्झनु पर्नेछ ।

३. सूचना प्रकाशन गरिनेः (१) नेपाली नागरिक लगायत सर्वसाधारण व्यक्तिले यस कार्यक्रम मार्फत अनुभव अभिलेखीकरण गर्नु उचित ठानेका ३० (तीस) बर्ष भन्दा बढी समय प्रदेशमा पत्रकारिता पेशामा कार्यरत रहि ६० (साठी) बर्ष वा सो भन्दा बढी उमेर पूरा भएका पत्रकारहरुको विवरण संकलन गर्न कार्यालयले सञ्चार माध्यम मार्फत वा आफ्नो वेबसाईट मार्फत ७ (सात) दिने सूचना प्रकाशन गर्न सक्नेछ ।

(२) विद्युतीय माध्यम र अन्य माध्यमबाट विवरण संकलन गर्न उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा माग गर्नु पर्ने आवश्यक विवरणको विषय समितिले कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

४. <u>छनौट समितिः</u> (१) दफा ३ बमोजिम प्राप्त आवेदनहरु मध्येबाट दफा ५ बमोजिमको आधारमा अनुभव अभिलेखीकरणका लागि योग्य ५ (पाच) जना जेष्ठ पत्रकार छनौट गर्न एक छनौट समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सञ्चार रजिष्ट्रार | - संयोजक |
| (ख) | नेपाल पत्रकार महासंघ, प्रदेश समितिको प्रतिनिधि | - सदस्य |
| (ग) | कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| (घ) | आर्थिक प्रशासन प्रतिनिधि, सञ्चार रजिष्ट्रारको कार्यालय | - सदस्य |
| (ङ) | शाखा अधिकृत, सञ्चार रजिष्ट्रारको कार्यालय | - सदस्य सचिव |

(२) समितिले आफ्नो काम कारबाहिको क्रममा आवश्यकता अनुसार सम्बन्धित विषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

५. <u>छनौटको आधारः</u> समितिले कार्यालयमा प्राप्त विवरणहरु मध्येबाट देहायको आधारमा योग्य जेष्ठ पत्रकारको छनौट गर्नेछः-

(क) ६० (साठी) वर्ष पूरा भएको हुनु पर्नेछ,

(ख) लगातार ३० (तीस) वर्ष पत्रकारिता पेशा वा यससँग सम्बन्धित प्राज्ञिक कार्य गरेको हुनु पर्नेछ,

(ग) छनौट हुने पाँच जना पत्रकारहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्नेछ,

(घ) छनौट हुने पत्रकारहरु उपलब्ध भएसम्म फरक फरक विधा वा क्षेत्रको हुनु पर्नेछ,

(ङ) निजको उमेर र स्वास्थ्य स्थितिलाई ध्यान दिनु पर्नेछ,

(च) पत्रकारिता क्षेत्रमा निजको योगदानलाई प्राथमिकता दिनु पर्नेछ,

(छ) समितिले उचित ठानेका अन्य विषय ।

६. <u>अभिलेखिकरणमा समेटिनु पर्ने विषयः</u> यस कार्यक्रम अन्तर्गत अभिलेखीकरणमा देहाय बमोजिमका विषय समेटिनु पर्नेछः-

(क) पत्रकारितामा लाग्नुको कारण वा प्रेरणा,

(ख) पत्रकारिता शुरुवात गर्दाको अनुभव, चुनौती र अवसर,

(ग) समकालिन समयमा प्रयोग भएका ज्ञान तथा प्रविधि,

(घ) पत्रकारिताबाट प्राप्त भएका उपलब्धी र गुमेका संभावित अवसर,

(ङ) बिषयगत पत्रकारिता र मिसन पत्रकारिताको समीक्षा र अहिलेको पत्रकारिताको मूल्यांकन वा समीक्षा,

(च) वर्तमान पत्रकारिताका नयाँ स्वरुपले ल्याएको विश्वसियनिता र नैतिकताको प्रश्न,

(छ) प्रविधि र पत्रकारिता वीचको अन्तरसम्बन्ध,

(ज) पत्रकारिताले समाज रुपान्तरणमा खेलेको भूमिका,

(झ) निजको सम्झनलायक एक समाचार र त्यसले पारेको प्रभाव,

(ञ) नेपालको वर्तमान पत्रकारिताले लिएको दिशा र यसको भविश्य,

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
बागमती प्रदेश
हेटौंडा,

(ट) पत्रकारितामा आउँने नयाँ पुस्ताहरुलाई दिने सन्देश,

(ठ) पत्रकारिताका नयाँ सदस्यलाई चाहिने तालिम र शिक्षा ।

७. <u>जेष्ठ पत्रकारलाई पारिश्रमिक प्रदान गरिनेः</u> यस कार्यक्रम अन्तर्गत अनुभव अभिलेखीकरणमा छनौट भएका पाँच जना जेष्ठ पत्रकारहरुलाई सम्मान स्वरुप एकमुष्ठ रु २५,०००।– (पच्चीस हजार) परिश्रमिक प्रदान गरिनेछ ।

८. <u>आभिलेखीकरणको लागि फर्म/कम्पनी छनौट गरिनेः</u> कार्यालयले जेष्ठ पत्रकारको अनुभव आभिलेखीकरण कार्यको लागि सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम उपयुक्त फर्म/कम्पनीको छनौट गर्नेछ ।

कृष्ण प्रसाद शर्मा खनाल
(मन्त्री)